राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ असार ७ गते

## आम उपभोक्ताको अधिकार संरक्षणमा प्रतिवद्ध रहन आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले आज उपभोक्ता हक अधिकारको विषयमा सरोकारवाला संस्थाहरुबीच छलफल गरेको छ। छलफलमा आम उपभोक्ताको स्वास्थ्य सम्बन्धी अधिकार र दैनिक जीवनमा अत्यावश्यक एलपी ग्यासको आपूर्ति र गुणस्तरको सुनिश्चितताको विषयमा चासो प्रकट गरिएको छ। एलपी ग्यास जस्तो दैनिक उपभोग्य वस्तुको आपूर्ति, वितरण, नापतौल र गुणस्तरको विषयमा आम उपभोक्ताहरुमा सचेतनाको अभाव देखिएकोले सुसूचित गराउन समेत सम्बन्धित पक्षको ध्यानाकर्षण गराइएको छ ।

उपभोक्ताहरु समक्ष पुग्ने सबै प्रकारका ग्यास सिलिन्डरको नियमित र प्रभावकारी गुणस्तर परीक्षण गरी अनुगमन र निरीक्षण गर्न/गराउन, उपभोक्ता संरक्षण नियमावली २०५६ को नियम ५५ बमोजिम एलपी ग्यास सिलिन्डरको न्यूनतम मापदण्ड तोकी सोको प्रभावकारी रुपमा कार्यान्वयन भए/नभएको अनुगमन गर्न र हालै एलपी ग्यास बिस्फोट भई ललितपुर र काठमाडौंमा मृत्यु भएका तथा घाइतेहरुलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन र दोषी उपर आवश्यक कारवाही गर्न आयोगले नेपाल सरकारलाई पत्राचार गरेको छ।

यसैगरी आयोगले आम नागरिकसँग सरोकार राख्ने स्वास्थ्यको अधिकार सम्बन्धमा नेपाल मेडिकल काउन्सिलका पदाधिकारीहरुसँग समेत छलफल गरेको छ। सो अवसरमा देशका विभिन्न भागमा हालै पक्राउ परेका चिकित्सकहरुको सम्बन्धमा तथा नक्कली शैक्षिक प्रमाण पत्रहरुको छानविन प्रकृयाको सम्बन्धमा छलफल गरेको छ। आयोगले नक्कली प्रमाण पत्रको छानविन तथा स्वास्थ्य सेवाको शुद्धीकरणमा निर्भिकता पूर्वक लाग्न तथा सर्वसाधारणको जनस्वास्थ्यमा हेलचेक्रयाइँ हुने परिस्थिति रहन नदिन आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ।

वेद भट्टराई

सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org